

जीवन साथी कमरेड आजादको शहादत पछि  चार छोराछोरी पार्टी नेता कार्यकर्ताको घरमा छोडेर सहिदका सपना पुरा गर्न र क्रान्ति सफल पार्न गोमा देवकोटा भूमिगत हुनुभयो । आफ्नो पूरै जीवन राजनीतिमा समर्पित गर्नुभयो ।

# नेपाली राजनीतिको 'जीवित सहिद' : गोमा देवकोटा



● गरिमा शाह

डाँको छोडी बिलौना गर्ने
मन थियो
जीवनसंगी खरानी भएको देख्दा
तर,
शत्रु हँसाउनु थिएन
बैरी जिताउनु थिएन
क्रिया नगर्ने, सेतो नबार्ने
सामन्तवादलाई ढलाई छाड्ने
प्रतिज्ञा सहित
मुट्ठी कसेर
संघर्षको रणमैदानमा
हाम फाल्ने वीराङ्गना
उनी हुन् गोमा ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य गोमा देवकोटाको दुःखान्त जीवन र संघर्षका प्रतीक हुन् माथिका शब्द । उहाँलाई देशले एक संघर्षशील, नेपाली जनता विशेष गरेर नेपाली महिलाहरूलाई अधिकार सम्पन्न बनाउन अनवरत क्रियाशील कम्युनिष्ट नेताका साथै सहिद पत्नीका रुपमा चिन्दछ । जनतालाई राजनीतिक, सामाजिक र आर्थिक रुपले सम्पन्न बनाउन कम्युनिष्ट पार्टीले मात्र सक्छ भन्ने विश्वासका साथ सामन्तवादको जरा उखेल्न कम्युनिष्ट आन्दोलनमा जीवन अर्पण गरी सहिद हुनुभएका ऋषिराज देवकोटा 'आजाद' पत्नी हुनुहुन्छ, गोमा देवकोटा ।

## बाल्यकाल र शिक्षा

आमा भक्तकुमारी कार्की र बुवा जयबहादुर कार्कीकी जेठी छोरीको रुपमा गोमाको जन्म वि.सं. २००८ साल जेठ ७ गते सिन्धुली जिल्लाको तत्कालीन बितिजोर गाविस वडा नं. ७, हर्कपुर हालको गोलन्जोर गाउँपालिका वडा नं. ३ मा भएको थियो । उहाँका चार भाइहरु रामबाबु, राजकुमार, कैलाश र भरत तथा दुई बहिनीहरु सीता दाहाल र उर्मिला रिजाल हुनुहुन्छ । सामान्य किसान परिवारकी जेठी छोरी भएकोले गाउँले परिवेशमा गाईवस्तु चराउनु, घाँस दाउरा ल्याउनु र आधा घण्टा हिँडेर कुवाबाट पानी ल्याउनु उहाँको दैनिकी थियो ।

घरबाट बाख्रा चराउन गएको बेला स्कुल गइरहेका केटाहरूलाई एकहोरो हेरेको उहाँकी कान्छी फुपू तारादेवी थापाले देख्नु भएछ। त्यस बेला उहाँ (फुपू) पंचायत पक्षधर महिला संगठनको सभापति हुनुहुन्थ्यो। उहाँले नै गाउँको बेसी तिनमानेमा तारादेवी प्राथमिक विद्यालय खोल्नु भएको थियो। फुपूले तिमी पनि पढ्ने भनेर सोध्दा खुशीले पढ्छु भन्नु भएछ। त्यसपछि कान्छी फुपूले नै तारादेवी प्राविमा गोमा देवकोटालाई भर्ना गरिदिनु भयो। अक्षारम्भ गर्दा उहाँ नौ वर्षको हुनुहुन्थ्यो। त्यस बेला छोरीहरूलाई पढाउने चलन थिएन। त्यसैले उहाँको ठाउँमा विद्यालयमा भर्ना हुने उहाँ पहिलो केटी हुनुहुन्थ्यो। पछि अरु दुई केटीहरू भर्ना भए। दुई सय विद्यार्थीहरूमा तीनजना मात्र केटीहरू थिए। उहाँ भन्नुहुन्छ "दुईवटा कारणले मैले पढ्न पाएँ। पहिलो मेरी कान्छी फुपूले, पञ्चायत शासन व्यवस्थामा सक्रिय रहेका कारण, सचेत र जीवनमा शिक्षाको महत्व बुझ्नु भएको थियो। दोस्रो कारण मेरो भाइलाई विद्यालय पढाउनु पर्ने थियो। भाइलाई बोकेर विद्यालय लैजान्थें। यसो भनौं म भाइको 'विद्यालय पुऱ्याउने साधन' थिएँ।" काम गर्न सक्ने सबैले दुःख नगरी नपुग्ने परिस्थिति र जेठी छोरी भएका कारण पढाइका साथै घरायसी कामको समेत जिम्मेवारी बहन गर्दै कक्षा सातसम्म पढ्नु भयो। त्यसपछि उहाँको विवाह सिन्धुली खुर्कोटका ऋषिराज देवकोटासँग भयो। विवाहपछि पनि गाउँकै विद्यालयमा कक्षा आठमा भर्ना हुनुभयो। उहाँका श्रीमान् ऋषिराज देवकोटा गाउँकै विद्यालयमा पढाउनु हुन्थ्यो। खुर्कोटबाट बसाइँसराइपछि सिन्धुलीको कमला माध्यमिक विद्यालयमा कक्षा नौ उत्तीर्ण गर्नुभयो। एसएलसी टेस्ट पास गरेपछि जीवनमा धेरै दुख र संघर्षका घुम्तीहरु आए। एसएलसी गर्ने धोको अधुरै रह्यो।

## विवाह र संघर्ष

उहाँको विवाह वि.सं. २०२४ फागुन २९ गते ऋषिराज देवकोटासँग भएको थियो। उहाँकी कान्छी फुपूले पढेलेखेको केटा भएकोले भदैनी सुखी होली भनेर उहाँका लागि रोज्नु भएको थियो। त्यो जमानामा उहाँको त्यो अन्तरजातिय मागी विवाह थियो। गोमा क्षेत्री र ऋषि जैशी बाहुन हुनुहुन्थ्यो। यस अर्थमा यो उहाँको त्यतिबेलाको प्रगतिशील विवाह थियो।

उहाँको विवाह अति सामान्य तरिकाले भएको थियो। आफ्नो विवाह सम्झिदै गोमा भन्नुहुन्छ, "चार पाँच जना मात्र जन्ती आएका थिए। मेरो माइतीको

पसलबाट एउटा नयाँ साडी पछि फिर्ता गर्ने गरी र अर्को एक साडी र एकजोड चप्पल लाहुरेको श्रीमतीको मागेर ल्याउनु भएको थियो । फर्किंदा सुनकोशीको किनार हिँड्दा पुरानो चप्पल चुँडियो । त्यसपछि खाली खुट्टा हिँडे । बीच बीचमा डोलीमा पनि बस्थें । घरको आर्थिक अवस्था साह्रै कमजोर थियो । ऋषि एक वर्षको हुँदा बुवाको एक्काइस वर्ष कै युवा अवस्थामा निधन भएको र सासुले दोस्रो विवाह गरेका कारण घरमा गरिदिने कोही थिएन। घरमा बुढी सासु (सासुको सासु) मात्र हुनुहुन्थ्यो ।"

उहाँका दुई छोराहरू सुवास र सरोज तथा दुई छोरीहरू कल्पना र जोशिला हुनुहुन्छ। उहाँको जेठो सन्तान छोराको भने दश महिनाको हुँदा औषधि उपचारको अभावमा मृत्यु भएको थियो। यद्यपि उहाँका पति ऋषि शिक्षक हुनुहुन्थ्यो तथापि सेवा भावका कारण कहिले निःशुल्क त कहिले आधा तलब लिएर पढाउने हुँदा घर खर्च पुग्दैनथ्यो । आर्थिक समस्या केही मात्रामा समाधान होला भनेर गोमाले पसल खोल्नु भएको थियो। पर्याप्त र नियमितरुपमा सामान राख्न नसक्दा त्यो पनि बन्द भयो । उहाँका श्रीमान् विद्यालयमा पढाउँदै कम्युनिष्ट राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । विवाहको दुई महिनापछि नै प्रहरीले ऋषिलाई पक्राउ गरी रामेछाप लगेको थियो। त्यसपछि पनि श्रीमान्लाई अनेक बहानामा पटक पटक कहिले रामेछाप त कहिले सिन्धुली प्रहरीले पक्राउ गरिरहन्थ्यो ।

अभाव, दुःख र संघर्षका बीचमा पनि ऋषिले उहाँलाई राजनीतिमा लाग्न र छुटेको अध्ययन पुनः शुरु गर्न प्रेरित गर्नुहुन्थ्यो । मार्क्सवादी पुस्तकहरू पढ्न दिनुहुन्थ्यो । उहाँले पनि विवाहका कारण रोकिएको पढाइ विवाहपछि पुनः शुरु गर्नुभयो। उहाँको कक्षा आठको परीक्षा चलिरहेका बेला वि.सं. २०२६ सालमा जन्मेको दश महिनाको पहिलो छोराको टाइफाइडका कारण मृत्यु भयो । छोराको मृत्युले उहाँ दुवै जनालाई ठुलो पीडा भयो । आर्थिक र मनको गहिरो चोटका कारण उहाँहरूले त्यो ठाउँ छाड्ने निधो गर्नुभयो र २०२७ सालदेखि सिन्धुली कै भिमानमा बसाइँ सर्नुभयो ।

राजनीतिक परिवर्तनका लागि शिक्षाको आवश्यकता देख्नु भएका उहाँका श्रीमान् ऋषिराज देवकोटा कै पहल र नेतृत्वमा भिमान मै जनजागृति माध्यमिक विद्यालय स्थापना भयो । त्यो अहिले क्याम्पस बनिसकेको छ । ऋषि विद्यालयमा

पढाउँदै राजनीतिक काममा सक्रिय हुनु हुन्थ्यो भने गोमा घर खर्च पुऱ्याउन अनेक उपाय र मेहनत गर्नुहुन्थ्यो । उहाँ सम्झिनु हुन्छ, "हामीले थोरै नम्बरी (लालपुर्जा भएको) जग्गा किनेका थियौँ । काठको सानो घर बनाएका थियौँ । तर जीवन निर्वाह गर्न कठिन थियो । खेतीका लागि पर्याप्त जमिन नहुँदा जमिन बढाउन रातभरी रुखहरू काट्थैं । वन विभागका कर्मचारी र गाउँलेले थाह नपाउन भनेर बिहान नहुँदै ती रुखका काठ डढाइ सक्थैं ।" गरिबीसँगको संघर्षमा गोमा देवकोटाले कहिल्यै हार मान्नु भएन । खुर्कोटमा आठ कक्षामा रोकिएको पढाई पुन: कमला माध्यमिक विद्यालयमा भर्ना भएर शुरु गर्नुभयो । श्रीमानको राजनीतिक सक्रियताले घरको सम्पूर्ण जिम्मेवारी र आर्थिक अवस्थाले एसएलसी टेस्ट पासपछि भने अध्ययन अगाडि बढाउन सक्नु भएन ।

निरंकुश पञ्चायती शासन व्यवस्थामा श्रीमान् कम्युनिष्ट राजनीतिमा सक्रिय रहेका कारण प्रशासनले ऋषिमाथि कडा निगरानी गरिरहेको थियो । वि.सं. २०२९ सालमा प्रहरीले कमरेड ऋषिलाई पक्राउ गऱ्यो र जलेश्वर जेल चलाउन गरेर अठार महिना जेलमा राख्यो । श्रीमान् जेलमा हुँदा गाउँका कम्युनिष्ट र नजिकका साथीहरूले गोरु ल्याएर रातारात जोतेर खेती लगाइदिन्थे । त्यति बेला दु:खमा सहयोग गर्नुपर्छ भन्ने सामुहिक भावना थियो । कति पटक त गोमा आफैले पनि हलो जोतेर खेती गर्नु भएको थियो ।

जेलबाट छुटेपछि कमरेड ऋषिको राजनीतिप्रति दृढता  र सक्रियता झनै बढेर गयो । स्वतन्त्र कम्युनिष्ट समूह, नेकपा-जनकपुरमा सक्रिय कमरेड ऋषि पछि नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) मा आबद्ध हुनुभयो । वि.सं. २०३१ सालमा कमरेड ऋषि पुन: पक्राउ पर्नु भयो । प्रहरीले सिन्धुली लग्दै गरेको बेला सिस्नेरी नजिकै साँझको बेला साथीहरूले उहाँलाई प्रहरीबाट खोसेर मुक्त गराए । ऋषि घर नफर्की त्यतैबाट भूमिगत हुनुभयो । त्यसपछि दु:ख र अप्ठ्यारो झनै थपिएको उहाँको भनाइ छ ।

वि.स.२०३३ सालमा वन विभागले उहाँको घर हात्ती लगाएर भत्काइदियो र लगाएको खेती चराइ दियो । जसोतसो फेरि घर बनाएर अन्नबाली लगाउन थाल्नुभयो । तर प्रशासनले सर्वस्वहरण गरी १७ वर्षसम्म त्यहाँ बस्न नपाउने भनेर सूचना जारी गऱ्यो । दुखमा साथ दिने कोही थिएन । कम्युनिष्ट पार्टी नै उहाँको अभिभावक बन्यो । काउछे, सिन्धुलीमा रहेको मोहन घिमिरेको घरमा

उहाँहरूको बस्ने व्यवस्था पार्टीले मिलायो । केही महिनाको बसाइँपछि उहाँ भारतको सितामाडी जानुभयो ।

## राजनीतिक यात्रा र श्रीमान्को हत्या

कक्षा चारमा पढ्दैदेखि गोमा देवकोटाले राजनीतिक व्यक्तित्वको सानिध्यता पाउनु भएको थियो । कम्युनिष्ट राजनीतिक आन्दोलनमा होमिएका सिन्धुली कै पहिलो कम्युनिष्ट नेता वासुदेव श्रेष्ठ टयुसन पढाउन उहाँको माइती घरमा बस्नु भएका बेला कम्युनिष्ट पार्टी र कम्युनिष्ट घोषणापत्रको बारेमा बताउनु हुन्थ्यो । गरिब दुःखी जनताको पक्षमा काम गर्नुपर्छ, भन्नुहुन्थ्यो । यसबाट उहाँ सानैदेखि प्रभावित हुनुहुन्थ्यो । यस अर्थमा गोमाको राजनीतिक यात्राको थालनी कक्षा चारमा पढ्दादेखि नै भएको र उहाँको पहिलो राजनीतिक गुरु वासुदेव श्रेष्ठ नै हुनुहुन्थ्यो । विवाहपछि भने उहाँ श्रीमान् ऋषिको देश र जनताप्रतिको निस्वार्थ समर्पणबाट निकै प्रभावित बन्नुभयो र आफूलाई राजनीतिमा सक्रिय बनाउनु भयो ।

श्रीमान ऋषिले पढ्न दिएको 'गंगालालको चिता' पढेको पहिलो राजनीतिक किताब थियो । त्यो किताब पढेर अन्यायका विरुद्ध लड्नुपर्छ भन्ने भावना झनै बलियो भएको उहाँ बताउनु हुन्छ । वि.सं. २०२७ सालमा स्वतन्त्र कम्युनिष्ट समूहको रुपमा रहेको नेपाल कम्युनिष्ट पार्टी-जनकपुरको रानीवास गाउँ कमिटीको (पछि भीमान गाविस र हाल कमलामाई न.पा.को पूर्वी भेग) सक्रिय दलको सदस्य बन्नुभयो । त्यति बेला कम्युनिष्ट पार्टीको सदस्यता आजको जस्तो खुकुलो थिएन । कम्युनिष्ट पार्टीको सदस्यता पाउन धेरै चरणहरू पार गर्नुपर्थ्यो । यसैबीच वि.स.२०२५ सालमा भएको निर्वाचमा उहाँ खुर्कोट, वडा न.२ को अध्यक्षमा जनपक्षीय उम्मेदवारको रुपमा निर्विरोध निर्वाचित हुनुभएको थियो । वि.स.२०३१ सालमा नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) को संगठित सदस्यता महासचिव कमरेड निर्मल लामाबाट पाउनु भएको थियो । 'महिला मुक्ति, हलिया मुक्ति, ज्याला बढाओ आन्दोलन, भकारी फोड' आदि आन्दोलनहरूको नेतृत्व लिनुभएको थियो । त्यति बेला दिनभरी रोपाईं गर्दा एक रुपैयाँ ज्याला थियो र त्यही आन्दोलनपछि दुई रुपैयाँ पचास पैसा बन्यो । पार्टीको नेतृत्वमा भकारी फोड आन्दोलन अन्तर्गत माधव शमशेर राणाको विर्ताको जग्गा कब्जा गरेर खेतीपाती, मकै भाँच्न लगाएर जनतालाई दिएको उहाँको अविष्मरणीय क्षण हो ।

गोमा सम्भिदै भन्नुहुन्छ, "वि.स.२०३६ को आन्दोलन ताका सिन्धुलीको भिमानमा नेपाली काँग्रेसको आमसभा भएको थियो । त्यसमा कम्युनिष्टहरूलाई बेस्सरी गाली गरिरहेका थिए । त्यो सहन नसकेर हामी तीन जना (म, रञ्जना माझी र भावना बिष्ट) ले विरोध गरेर आमसभा नै बिथोली दिएका थियौं ।" महिलाहरू जस्तो सुकै जोखिम लिन पनि तयार हुन्छन् भन्ने कुराको यो ज्वलन्त उदाहरण थियो । यस्तै भावनाका साथ अधिकारका लागि गरिने विभिन्न आन्दोलनमा महिलाहरूले ज्यानको बाजी नलगाएको भए शायद आज हामी यो अवस्थामा हुँदैन थियौं होला ।

नेपालमा दलहरू प्रतिबन्ध रहेका कारण नेकपा (चौ.म.) का धेरै नेताहरू भारत मै बस्थे । सर्वस्व हरण पछि बालबच्चासहित उहाँको बसाईं भारतको सितामाढीमा गरिएको थियो । श्रीमान् ऋषि भने नेताहरू यसरी भारतमा बस्ने कुराको विरोधी हुनुहुन्थ्यो । वि.स.२०३२ सालमा भारतको अयोध्यामा भएको नेकपा (चौ.म.) आबद्ध अखिल नेपाल महिला संघको सम्मेलनबाट प्रसिद्ध साहित्यकार पारिजात अध्यक्ष र गोमा देवकोटा उपाध्यक्ष निर्वाचित हुनुभयो । पारिजातसँग काम गर्दा उहाँको आँट, साहस र बौद्धिकताबाट निकै प्रभावित भएको गोमा बताउनु हुन्छ ।

यता नेपालमा विद्यार्थी आन्दोलनको आवरणमा पार्टीको आन्दोलन गाउँगाउँसम्म पुग्यो । तत्कालीन राजाले जनमत संग्रहको घोषणा गरे । त्यसपछि छोरा सुवास, छोरी कल्पना र कान्छो छोरा सरोजलाई लिएर उहाँ नेपाल फर्किनु भयो । पहिले सेल्टर बसेकै गाउँ काउछेमा मोहन घिमिरेको घरमै बस्न थाल्नुभयो ।

कम्युनिष्टहरू यथास्थितिमा जनमत संग्रहको पक्षमा थिएनन् । जनमत संग्रहमा भाग लिन पाँच पूर्व सर्तहरु राखेका थिए । जनताको माझमा आफ्नो मत र मागहरू लैजान नेकपा चौमसहित नेकपाका विभिन्न घटकहरूको पहलमा वि.स.२०३६ साल जेठ २४ गते कम्युनिष्ट पार्टीको प्रभाव क्षेत्र रहेको जनकपुरमा एउटा सभाको आयोजना गरिएको थियो । त्यति बेलाको कुरा सम्भिदै उहाँ भन्नुहुन्छ, "प्रशासनको अनेकौं अवरोधका बावजुद त्यो दिन जनकपुरको बाह्र बिघामा निकै ठुलो सभा भयो । म पनि अरु साथीहरूसँग सिन्धुलीबाट खाजासामल बोकेर हिंड्दै सभामा गएँ । उदयपुर, सर्लाही, महोत्तरी, धनुषा,

सिराहा र सप्तरीबाट हजारौको संख्यामा जनता सहभागी भएका थिए । त्यस सभाको मुख्य वक्ता मनमोहन अधिकारी हुनुहुन्थ्यो ।"

कमरेड ऋषिको नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) का नेताहरूसँग विवाद बढ्दै थियो । नेताहरूको विलासी जीवनशैली र भारतमा बस्ने कुराको उहाँ विरोधी हुनुहुन्थ्यो । छिट्टै क्रान्ति शुरु गरीहाल्नुपर्छ भन्नेमा कमरेड ऋषि हुनुहुन्थ्यो । नेतृत्वको असहमतिका बावजुद सिन्धुली, रामेछाप, महोत्तरी, धनुषा र सर्लाही जिल्लाहरूमा लडाकु संगठनहरू निर्माण गर्नुभयो । संगठितहरूलाई बन्दुक लगायतका हतियार चलाउने प्रशिक्षण दिइएको थियो । गोमाले पनि हतियार चलाउने प्रशिक्षण लिनुभयो । यो कुरा प्रशासनले थाह पाएर तीव्र दमन शुरु गर्‍यो । महोत्तरीको हात्तिलेठमा दमन गर्न पुगेको प्रहरीसँगको भिडन्तमा कृष्णबहादुर राना मारिनु भयो भने सैयौं कार्यकर्ताहरूको नाममा वारेन्ट जारी भयो । यस्तो दमन हुँदा नेतृत्वले कार्यकर्ताको संरक्षण गरेन । कार्यकर्ता तथा जनतासँग नेतृत्व रहने कुराको नेकपा (चौ.म.)का नेताहरूले वेवास्ता गर्दा नेतृत्वप्रति कमरेड ऋषि थप असन्तुष्ट बनेको गोमा बताउनुहुन्छ । असन्तुष्टि साम्य पार्न नेतृत्वले ध्यान नदिँदा विवाद झन् बढ्यो । अन्ततः वि.स.२०३७ साल जेठ १४ गते पार्टीको केन्द्रिय समिति र पोलिटब्यूरोको वैकल्पिक सदस्यबाट कमरेड ऋषिले दश बुँदे फरक मतसहित राजीनामा दिनुभयो ।

कमरेड ऋषिले राजीनामा दिएको केही दिन मै मोहन घिमिरे लगायत नेकपा (चौ.म.) का भूमिगत कार्यकर्ताहरू राती गाउँमा आए । सबै गाउँले समर्थकहरूलाई भेला गरेर 'आजाद' ले पार्टीबाट राजिनामा दिएकाले बस्न र खान नदिनु भनेर गए । त्यसपछि उहाँहरू बसी रहेको मोहन घिमिरेको घरमा उहाँहरू प्रतिको व्यवहार पनि फरक भयो । त्यसको केही समयपछि ऋषि एकरात त्यहाँ आउनु भयो । पार्टीका नेताहरूसँग समाधान हुनै नसक्ने गरी मतभेद बढेकाले राजीनामा दिएको बताउँदै केही समयका लागि माइतमा गएर बस्नु भन्नु भयो । तत्कालीन नेकपा मालेसँग एकताको सम्भावना रहेकाले उसको महिला संघसँग नजिक रहेर काम गर्न भनेर त्यसै रात उहाँ त्यहाँबाट जानुभयो । तीन जना छोराछोरी लिएर गर्भवती गोमा माइती घर जानुभयो । माइत पुगेको केही दिनपछि कान्छी छोरी जोशिलाको जन्म भयो । त्यसको केही दिनपछि ऋषि आउनु भयो । धेरै दिन बस्दा असुरक्षित भइन्छ भनेर दुई दिन

बसेर रामेछाप जाने भनेर जानुभयो । घरपरिवारसँगको यो नै उहाँको अन्तिम भेट थियो ।

त्यतिबेला उहाँहरू दुवैजना नेकपा मालेमा प्रवेश गर्ने कुराकानी भैरहेको थियो । यस्तैमा वि.स.२०३७ साल पुसमा माले आबद्ध महिला संघको कालापानी, महोत्तरीमा प्रशिक्षण कार्यक्रम थियो । रञ्जना माझी (संविधानसभा २०७० को सदस्य), उर्मिला कार्की र भावना बिष्ट (अच्छा बिष्ट, जनकपुरमा नर्स) लाई लिएर गोमा त्यस प्रशिक्षणमा जानुभएको थियो । त्यहाँ उहाँको पहिलो भेट सुलोचना मानन्धर(साहित्यकार), डा. सरोज धिताल र जया घिमिरे (हाल प्रतिनिधिसभा सदस्य) सँग भएको थियो । पछि यस भेटले उहाँको जीवनमा आएको अप्ठयारो मोडमा पुलको काम गरेको थियो ।

केही दिनपछि वि.स.२०३७ साल फागुन १३ गते कमरेड ऋषि पक्राउ परेको खबर आयो । यो सुन्दा उहाँलाई आफुमाथि आकाश खसेको र टेकेको जमीन भासिएको महसुस भयो । त्यतिबेला भिमान पुग्न पैदल एक दिन लाग्थ्यो । टेलिफोन सुविधा थिएन । छटपटीमा त्यो रात बिताउनु भएछ । भोलिपल्ट बिहानै साथी खोजेर काखकी छोरीसहित तीन जना छोराछोरी लिएर भिमान हिड्नुभयो । बेलुका बहिनी सीताको घर भिमान, बथानचौडी पुग्नु भयो । त्यहाँको माहौल र बहिनीका रसाएका आँखाले नराम्रो घटनाको संकेत गरिसकेको थियो । केही बेरमै कमरेड आजादको हत्या भएको थाहा भयो । सेल्टरदाता लालबहादुर राना मगरका भाई तथा स्थानीय कार्यकर्ता रामबहादुर र रामकाजी कार्की बिके छन् । फागुन १० गते राती ५२ जनाले घेरा हालेर समातेर दुई रात भिमान प्रहरी चौकीमा राखी १२ गते राती बाँसखोलामा गोली हानी हत्या गरेछन् । घर जग्गा सरकारले कब्जा गरेको, चार जना लालाबाला काखमा रहेको बेला श्रीमान्को हत्या भएको थाहा पाउँदा मन पुरै भाउन्न हुँदा पनि रुनु भएन । आफू कमजोर हुनुभनेको शत्रुलाई हँसाउनु हो भन्ने सम्झिएर आफूलाई सम्भाल्नु भयो । विगत सम्झिदै उहाँ भन्नुहुन्छ, "मनभित्रै रोएँ, आँखामा आँसु नदेखाइ बसें ।" भोलिपल्ट विहान तीन जना छोराछोरीलाई बहिनी कै घरमा छोडेर माइली सासु आमाको घरमा पढन बसेको जेठो छोरा सुवासलाई भेटनु भयो । सुवासलाई पनि बुवाको हत्या भएको थाहा भैसकेछ । त्यसपछि देवर रमेश देवकोटा र श्याम बिष्टले गोमा र सुवासलाई भिमान

खोलातर्फ लैजानुभयो । बाटोमा हिँड्दा केहीका आँखामा सहानुभूति थियो तर त्यो दुःखमा हाँस्नेहरु पनि थिए । बाँसखोलाको दोभानमा पुग्दा त्यहाँ खरानी देख्नुभयो । नजिकै खाल्टोमा रगतका फाल्साहरु थिए । कमरेड आजादको मृत शरीर जलाएर पुरै खरानी बनाइएको थियो । एक क्षण त उहाँले केही सोच्नै सक्नु भएनछ । भावशून्य भएर एकहोरो खरानीलाई हेरिरहनु भएछ । जीवित भेट्नु त कता हो कता लास समेत देख्न पाउनु भएन ।

एकै पटक श्रीमानको खरानी देख्दा पीडा जति भित्रै लुकाएर त्यहाँ भएको खरानीलाई हातले उठाएर कपडामा पोको पार्नु भएछ । दाहिने मुठ्ठी कसी हात उठाएर 'लाल सलाम' गर्दै अन्तिम बिदाई गरेको सम्झिदै भन्नुहुन्छ, "उहाँको सपना पूरा नहुँदासम्म क्रिया नगर्ने र सेतो नबार्ने कसम खाएँ ।" छोरा सुवास, देवर र सँगै रहेका साथीहरूले पनि त्यसरी नै अन्तिम बिदाइ गरे र मनमनै उहाँका सपना पुरा गर्ने प्रतिज्ञा पनि ।

## संकल्प सहितको कठिन यात्रा : भूमिगत जीवन

भनिन्छ, मानिसको जीवनमा जतिसुकै ठूलो दुःख पर्दा पनि सहेरै जीवनलाई अगाडि बढाउनु पर्छ । पीडाका बीच उहाँका अगाडि पनि चार छोराछोरीलाई पाल्ने, पढाउने र सुरक्षित राख्ने जिम्मेवारी उहाँको एक्लो काँधमा थियो । माइतीको अवस्था पनि त्यस्तै थियो । भिमानमा पनि बस्ने ठाउँ कतै थिएन । काम गरेको पार्टी नेकपा (चौ.म.) आजादले छोडी सकेको र नेकपा (माले) मा गइ नसक्नु भएकोले आफूलाई बेसाहारा भएको अनुभव गर्नुभयो ।

केही दिनपछि उद्धव दाहाल नेकपा मालेको सन्देश लिएर आउनुभयो । अर्को दिन कसैलाई केही नभनी उद्धव दाहालसँगै चार महिनाकी छोरीसहित चारै जना छोराछोरी लिएर ट्रकबाट उहाँ कै घर चन्द्रनिगाहपुर जानुभयो । त्यहाँ केही दिन बसेपछि उद्धव दाहालले नै उहाँहरूलाई हेटौंडा बद्री खतिवडाको घरमा पुऱ्याउनु भयो । बद्री खतिवडा (हाल प्रतिनिधिसभाको सांसद विरोध खतिवडाका बुवा) थुनामा हुनुहुँदोरहेछ । त्यहाँ वीर बहादुर लामा लगायत नेकपा, मालेका अरु नेतासँग भेट भयो । नेताहरूलाई भेटदा आफूमा ठूलो आँट र साहस पलाएको स्मरण गर्नुहुन्छ ।

त्यहाँ दुई दिन बसेपछि सुवासलाई चितवन लगियो भने गोमा अरु छोराछोरीसहित वीरबहादुर लामासँग काठमाडौं आउनुभयो । चितवनमा विष्णु घिमिरेको घरमा दुई महिना बसेपछि सुवासलाई पार्टीले काठमाडौंमै ल्यायो । चाबहिल महांकालमा पार्टीले व्यवस्था गरेको एक कोठे डेरामा उहाँहरू केही दिन पाँचै जना बस्नुभयो । त्यसको केही दिनपछि सुवासलाई पार्टीले काभ्रे पठायो । गोमा र अरु छोराछोरी सुरुमा काठमाडौं महांकालमा रहेको सानु मिश्रको डेरामा बस्नु भएको थियो । केही दिनपछि त्यही घरमा उहाँहरूका लागि छुट्टै डेरा व्यवस्था गरियो । त्यहाँ जीवराज आश्रित र विष्णु बहादुर रावतले भेटेर उहाँलाई सान्तवना दिनुभएको थियो । आफ्ना पति ऋषिको कि सास कि लाश चाहियो भनी सर्वोच्चमा रिट दिन पार्टीले सहयोग गऱ्यो । काठमाडौं पार्टी कमिटीको सहयोगमा अधिवक्ता विश्वकान्त मैनाली लगायत ६८ जना वकिलहरूले उहाँको पक्षमा बहस गरेका थिए । एउटा मुद्दामा यति धेरै वकिलहरूले बहस गरेको सम्भवत यो पहिलो हुनु पर्छ ।

क्रान्तिकारी योद्धा पतिको सहादतपछि उहाँका अधुरा सपना पूरा गर्ने लक्ष्य सहितको कठिन यात्रामा नेपाल कम्युनिष्ट पार्टी, माले उहाँको सारथी बन्यो । छोराछोरीभन्दा पार्टीलाई महत्व दिँदै वि.स.२०३७ सालको अन्त्यतिर छोराछोरी जनताको जिम्मा लगाएर गोमा भूमिगत हुनुभयो । पार्टीले उहाँलाई बाँके र बर्दिया पठायो । त्यहाँ देवेन्द्र घिमिरेले लिएर जानुभएको थियो । वि.स.२०३८ सालको अन्तिम तिर गण्डकी जानुभयो, त्यहाँ उहाँले जीवराज आश्रित, त्रिलोचन ढकाल र वामदेव गौतमको नेतृत्वमा पार्टी काम गर्नुभयो । त्यसपछि उहाँले अखिल नेपाल महिला संघ, कास्कीको अध्यक्ष भएर काम गनुभयो । वि.स.२०४१ सालमा कास्कीको बेगनासमा नेपाल कम्युनिष्ट पार्टी, मालेको विस्तारित बैठक बसेको थियो । भूमिगत पार्टीको बैठक व्यवस्थापनकालागि पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभएको थियो । वि.स.२०४४ सालमा उहाँले अखिल नेपाल महिला संघ, धौलागिरीको नेतृत्व लिनुभयो र ०४६ सालको जनआन्दोलन ताका धौलागिरी मै आन्दोलनको नेतृत्व गर्नुभएको थियो ।

नेकपा मालेले वि.स.२०४६ सालको राजनीतिक परिवर्तनपछि पनि भिमान, सिन्धुलीमा स्थायी बसोबासको व्यवस्था अर्थात् सर्वस्वहरण फुक्का नहुँदासम्म चारै जना छोराछोरीलाई पढायो । यस सहायताकालागि पार्टीप्रति उहाँ कृतज्ञ

हुनुहुन्छ । तर त्यतिबेला छोराछोरीले पाएको दुःख सम्झिँदा अहिले पनि मुटु गाँठो पर्छ । छोराछोरीलाई भेटेर छुट्टिँदा उहाँलाई लाग्थ्यो, "थोत्रा लुगा जम्मा पारेर थाङ्नामा छोराछोरीसँगै सुत्न पाए कस्तो हुन्थ्यो होला !' आमालाई त यस्तो लाग्थ्यो भने ती अबोध छोराछोरीलाई कस्तो लाग्थ्यो होला ? ती चारै जना एकै ठाउँ कहिल्यै बस्न पाएनन् । बुवालाई निरंकुश शासन व्यवस्थाले खोसेको थियो भने आमालाई परिस्थितिले टाढा बनायो । सबैभन्दा पहिला आमासँगको साथ सुवासको छुट्यो ।

सुवासलाई काभ्रेमा त्यसबेला पार्टीका भूमिगत कार्यकर्ता विष्णु प्रभातकोमा राखियो । विष्णु नालाको माध्यमिक विद्यालयमा पढाउनु पनि हुन्थ्यो । दुई महिनापछि त्यही विद्यालयमा पढाउँदै पार्टी काम गर्ने दाङका विकास गौतमले सुवासलाई पढाउने जिम्मा लिनुभयो । प्रशासनबाट सुरक्षित हुन विकासलाई मामाको नाता लगाइएको थियो भने देवकोटा थर लुकाएर पहिले शर्मा अनि पछि स्कूलमा नेपाल लेख्न लगाइयो । विकास गौतम एक वर्षपछि काभ्रेकै भुम्लुटारमा प्रधानाध्यापक बनेर गएपछि सुवास पनि त्यहीँ गए । कक्षा ६ र ७ पढेपछि मामासँग सामान्य विषयमा चित्त नबुझेपछि काठमाडौं आए । काठमाडौं बानेश्वरमा कल्पनालाई पालेर पढाइरहेका कालिदास राउतको डेरा पुगे । पछि पार्टीले सुवासलाई धादिङमा राजेन्द्र पाण्डेको घरमा पुऱ्यायो । त्यहाँ एक वर्ष बसेर पढे । तर त्यहाँ पनि चित्त नुबझाएर काठमाडौं आए । काठमाडौं कुमारीगालमा केही समय घनश्याम एसीको घरमा बसेपछि पार्टीले उनलाई काठमाडौं जहरसिंह पौवामा विद्यालय पढाइरहेका मानबहादुर बस्नेतको जिम्मा लगायो । त्यहाँ उनले ९ कक्षा पढे । काठमाडौं गोठाटारका मधु तिमल्सिनाको महाकालस्थित डेरामा बसेर जोरपार्टीको चामुण्डा माविमा १० कक्षा पढे र त्यही विद्यालयबाट एसएलसी दिए ।

उता, कल्पना सुरुमा कास्कीको कालिकाथानमा प्रेम प्रसाद दाहालको घरमा बसिन् । तर, दुई महिनापछि त्यहाँबाट उनलाई पुनः काठमाडौं ल्याएर विष्णुबहादुर राउतको घरमा राखियो । केही समयपछि उहाँका भाई कालिदास राउतले कल्पनालाई पढाउने जिम्मा लिनुभयो । कल्पना ७ कक्षा पढ्दा कालिदास र उहाँकी पत्नी अन्जुबीच सम्बन्ध बिग्रिएर विच्छेद भएपछि कल्पनालाई बस्न अप्ठ्यारो पऱ्यो । त्यसबेला यो कुरा पार्टीका नेताहरुले थाहा नपाउँदा एसएलसी

दिएर आफैं काम गर्दै पालिन थालेका सुवासले पार्टी समर्थक राजेन्द्र पौडेलसँग बहिनीलाई पढाइदिन अनुरोध गरे । पौडेलले सुवासको अनुरोध स्वीकार गरेर कल्पनालाई एसएलसी पास हुँदासम्म बस्ने र पढाउने व्यवस्था गर्नुभयो ।

सरोज सुरुमा कास्कीमा वामदेम गौतमकी पत्नी तुलसा थापा (हाल प्रतिनिधिसभा सदस्य) सँग बसेर पढे । त्यति वेला तुलसा थापा कास्की, रुपाकोटको प्राथमिक स्कूलमा पढाउनु हुन्थ्यो । पछि पर्वतको भोक्सिङ्ग गाउँमा भुवन गुरुङ र डम्मर कुमारी गुरुङको घरमा बसे । भूमिगत अवस्थामा एक चोटी गोमा सरोजलाई भेट्न पर्वत जानु भएछ । त्यहाँ थोत्रा लुगामा जुठो भात खाँदै गरेको छोरालाई कमजोर देख्नुभएछ । आफू रुन नसकेर मुटु फुट्ला भैं भए पनि सँगै बस्ने दिन आउला भन्ने आशामा मन बुझाउनुभयो । फर्किने बेला आफू पनि आमासँग जाने भनेर छोरा सरोजले बाटो छेके पछि भने आफूलाई रोक्न सक्नु भएनछ । पाँच रुपैयाँ दिएर छिट्टै लिन आउँछु भनेर छोरालाई फकाएर आफू चाहिँ रुँदै फर्कनु भएछ । त्यति वेला अनावश्यक एक रुपयाँ पनि खर्च गर्न पाइदैन थियो । त्यो पाँच रुपैयाँ पनि कहाँ किन खर्च गरेको हिसाब देखाउनुपर्थ्यो । र, पनि छोराको खुशीकालागि खर्च गर्नुभयो । त्यसको केही समयपछि सरोजलाई कास्कीको कास्कीकोटमा खेम सुवेदीको घरमा राखियो, त्यहीं अध्ययन गरे । वि.स.२०४७ सालको राजनीतिक परिवर्तनपछि परिवारै भिमान बस्न थालेकाले ७ कक्षादेखि भिमानमै पढे ।

जोशिला कास्की वेगनासमा सूर्य अधिकारीको घरमा बसेर पढिन् । गोमा पनि बेलाबेलामा त्यहाँ आइरहनु हुन्थ्यो । पार्टीका विश्वसनीय सूर्यलाई गोमाले दाई बनाउनु भएको थियो । वि.स.२०४५ सालदेखि भने जोशिला भिमानमा मामा घर बसेर पढन थालिन् र त्यहीबाट एसएलसी दिइन् ।

## ०४६ सालपछि अग्रगतिका लागि जारी यात्रा

वि.स.२०४६ साल जेठ ३० र ३१ गते जनआन्दोलन सफल हुनु पूर्व काठमाडौंको कीर्तिपुर प्राङ्गणमा अखिल नेपाल महिला संघ (अनेमसंघ) को प्रथम सम्मेलन भूमिगत रुपमा भएको थियो । त्यस सम्मेलनले अष्टलक्ष्मी शाक्य (क.ज्योति) को नेतृत्वमा तेह्र सदस्यीय केन्द्रीय कमिटी चयन गऱ्यो । गोमा केन्द्रीय सदस्य हुनुभयो । सम्मेलन स्थल प्रहरीले घेरा हाल्दै गरेको

थाहा पाएर पाकेको भात छोडेर प्रतिनिधिहरु सुरक्षित भएका थिए। त्यसको लगत्तै संयुक्त वाम मार्चा र नेपाली काँग्रेसको संयुक्त आह्वानमा जनआन्दोलन भयो। उहाँलगायत अनेमसंघको सिंगो शक्ति जनआन्दोलनमा होमियो। अन्ततः ०४६ चैत्र गते पञ्चायत ढल्यो। संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रजातन्त्र स्थापना भयो। त्यति बेला पैतृक सम्पत्तिमा छोराछोरीको समान हक, कानुन बनाउने ठाउँमा महिलाहरूको एकतिहाइ उपस्थितिको सुनिश्चित, समान कामको समान ज्याला, शिक्षा, स्वास्थ्य र रोजगारमा विशेष व्यवस्था र महिला हिंसासम्बन्धी मुद्दाका लागि पारिवारिक अदालतको माग जस्ता सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक अधिकारका महत्वपूर्ण विषयहरु संविधानमा लेखिनुपर्ने माग र वकालत अनेमसंघले गरेको थियो। उहाँहरूको आन्दोलन र वकालत स्वरुप वि.स.२०४७ सालको संविधानमा प्रतिनिधिसभा निर्वाचनमा पाँच प्रतिशत महिला उम्मेदवार अनिवार्य बनाउनु पर्ने र राष्ट्रिय सभामा तीन जना महिला हुनुपर्ने व्यवस्था भयो। वि.स.२०४७ सालमा नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) र नेपाल कम्युनिष्ट पार्टी (माले) को एकीकरणपछि दुवै अनेमसंघको एकीकरण गर्नुपर्ने भयो। जसका कारण २०४८ सालमा नै अनेमसंघको राष्ट्रिय सम्मेलन भयो। २०४८ साल कात्तिक २८ र २९ गते पाटन, ललितपुरमा सम्पन्न अनेमसंघको दोस्रो राष्ट्रिय सम्मेलनबाट सहाना प्रधानको अध्यक्षतामा ३१ सदस्यीय कमिटीमा उहाँ फेरि केन्द्रीय सदस्य हुनुभयो। जनकपुरको इन्चार्ज भएर महिला संघको नेतृत्व गर्नुभयो।

वि.स.२०५१ साल चैत्र ५ र ६ गते पनि पाटन, ललितपुरमै तेस्रो राष्ट्रिय सम्मेलन भयो, यसबाट पुनः सहाना प्रधानको अध्यक्षतामा ३१ सदस्यीय केन्द्रीय कमिटी बन्दा पनि उहाँ केन्द्रीय सदस्य र जनकपुरको इन्चार्ज हुनुभयो। वि.स.२०५५ साल पुस ११ देखि १३ गते विराटनगरमा सम्पन्न चौथो राष्ट्रिय सम्मेलनले विद्या भण्डारी (हाल राष्ट्रपति हुनुहुन्छ) को अध्यक्षतामा ३६ सदस्यीय केन्दीय कमिटी निर्वाचित गर्‍यो। २०६२ साल मंसिर २१ देखि २५ गतेसम्म नयाँ बानेश्वर, काठमाडौंमा सम्पन्न पाँचौं राष्ट्रिय सम्मेलनले पुनः विद्या भण्डारीकै अध्यक्षतामा ६८ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्‍यो। यस पटक भने तीन जना गोमा देवकोटा, थममाया थापा र जयन्ती राई उपाध्यक्षमा निर्वाचित हुनुभयो। वि.स.२०६९ वैशाखमा पोखरामा सम्पन्न छैटौं राष्ट्रिय सम्मेलनले पुनः विद्या भण्डारीकै अध्यक्षतामा १२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित

गऱ्यो । जसमा गोमा देवकोटा, राधा ज्ञवाली, सीता पौडेल, जयन्ती राई, जया घिमिरे, गौरा प्रसाईं र टुका हमाल उपाध्यक्ष हुनुभयो । वि.स.२०७२ सालमा तत्कालीन अध्यक्ष भण्डारी राष्ट्रपति बन्नु भएदेखि २०७६ फागुनसम्म कार्यवाहक अध्यक्ष भएर अनेमसंघलाई सफल नेतृत्व प्रदान गर्नुभयो । २०७५ असार १० गते उहाँको अध्यक्षतामा अनेमसंघ केन्द्रीय कमिटीको अन्तिम बैठक बस्यो । अध्यक्ष राष्ट्रपति भैसकेपछि उहाँलाई अध्यक्षको कार्यभार बोकाउने तर अध्यक्ष नबनाउने अनेमसंघ र पार्टीको कन्जुस्याईले भने पार्टी र अनेमसंघमा उहाँको योगदानको अवमूल्यन भएको छ ।

वि.स.२०५२ सालको स्थानीय निकायमा १५ प्रतिशत महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्न र समावेशीकरण अवधारणा लागु गर्न गरिएको आन्दोलनमा गोमा सधैं अग्रपंक्तिमा रहनुभयो । राष्ट्रिय महिला आयोग गठन गराउनेदेखि संविधान सभाबाट जारी नेपालको संविधानमा महिलाहरूका हक अधिकार सुनिश्चित गराउन गरिएका हरेक आन्दोलनमा उहाँ सक्रिय सहभागी मात्र नभई नेतृत्वमै रहँदै आउनु भएको छ । २०६२/२०६३ को जनआन्दोलन ताका न्यूरोडमा पर्चा छर्दा उहाँ गिरफ्तार भएर ४१ दिनसम्म थुनामा बस्नुभयो । अनेमसंघका साथै पार्टी जिम्मेवारीमा पार्टीको पाँचौ महाधिवेशनदेखि नेकपा एमालेको २०६५ साल फागुनमा सम्पन्न आठौं महाधिवेशनसम्म नियमित केन्द्रिय सल्लाहकार र २०७० सालको नवौं महाधिवेशनबाट केन्दीय सदस्य निर्वाचित हुनुभयो । वि.स. २०७५ जेठ ३ गते नेकपा एमाले र नेकपा माओवादी (केन्द्र) को एकतापछि बनेको नेपाल कम्युष्टि पार्टी (नेकपा) को केन्द्रीय सदस्य र अनेमसंघको इन्चार्ज हुनुहुन्छ । वि.स.२०५४ देखि २०६७ सालसम्म पहिलो पटक राष्ट्रिय सभाको सदस्य हुनुभयो भने २०७४ देखि हालसम्म संघीय संसदको प्रतिनिधिसभा सदस्य भएर जनताको सेवा गरिरहनु भएको छ ।

कठोर संघर्ष र आन्दोलनमा जीवन समर्पण गर्नुभएकी गोमा भन्नुहुन्छ, "आन्दोलनमा खेलेको भूमिका र प्राप्त गरेको उपलब्धिबाट नेपाली महिलाहरूले विश्वलाई नै चकित पारेका छन् । यसका लागि हामी महिलाहरूले धेरै त्याग र बलिदानीपूर्ण संघर्ष गरेका छौं ।" घर परिवार, लालाबाला छोडेर, अनेकौं लाञ्छना र कष्ट सहेर पार्टी काम गर्नुभएकी गोमा पार्टीको जीवित सहिद हुनुहुन्छ ।

यति हुँदा पनि अझै छोरी र छोरा तथा महिला र पुरुषबीच समानता र सामाजिक परिवर्तन आइनसकेको उहाँको अनुभव छ । परिवारले सानैदेखि छोरा र छोरीलाई समान रुपले पालनपोषणा गरेर हुर्काउने, पढाउने गर्दै समानताको ढोका खोल्नुपर्ने बताउनुहुन्छ । महिलालाई सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा सशक्तिकरण गरे मात्र मुलुक समृद्ध बन्छ भन्ने मान्यता राख्नुहुने गोमालाई सहीदका सपना अधूरै रहने हो कि भन्ने चिन्ता छ ।

हामीले निरंकुश पञ्चायतलाई हरायौं, राजतन्त्रलाई परास्त गऱ्यौं तर अझै पितृसत्तात्मक सामन्ती चिन्तनलाई परास्त गर्न सकेका छैनौं । महिलालाई एक चोटी लाभको पद दिँदा 'पालो पुग्यो' भन्ने गरिन्छ । आन्दोलनमा महिलाहरू सधैं 'ब्यानर' बन्ने तर जिम्मा अवसर दिँदा पालो पुग्यो भन्ने, महिलाहरू सक्दैन भन्ने सोच राख्ने जस्ता सामन्ती चिन्तन, सोच, प्रवृति र व्यवहारलाई ढाल्न नसकेकोमा उहाँ सन्तुष्ट हुनसक्नु भएको छैन । र, पनि भन्नुहुन्छ, "जीवन संघर्ष हो, संघर्ष नै जीवन हो । बाँचुञ्जेल देश, जनता र विशेष गरेर महिलाहरूको हक अधिकारको लागि लडिरहने छु ।"

सहिद ऋषिराज देवकोटा 'आजाद' लाई आफ्नो आदर्श व्यक्ति तथा संगठन र संगठनका साथीहरूलाई आफ्नो उर्जा मान्ने उहाँ आफैं आम मानिसका लागि आदर्श, संघर्षशिल र गतिशील व्यक्तित्व हुनुहुन्छ । अनेकौं पहाड र पहरासँग संघर्ष गर्दै त्यसलाई छिचोल्दै आफ्नो बाटो तय गर्दै निरन्तर बगिरहने नदी जस्तै....। ●

**सन्दर्भ सामाग्री** :


- महिला मुक्ति, जेठ २०७३, अखिल नेपाल महिला संघ, केन्द्रीय कार्यालयको वार्षिक मुखपत्र ।
- नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाट प्राप्त गोमा देवकोटाको व्यक्तिगत विवरण ।
- गोमा देवकोटा र लेखक गरिमा शाह बीचको अन्तरवार्ता
- सुवास देवकोटा (उहाँका छोरा) बाट प्राप्त जानकारी ।